मिति २०७८/०७/२० को नेपाल सरकार मन्त्रीस्तर निर्णयबाट स्वीकृत

# व्यावसायिक कीट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

**प्रस्तावनाः** व्यावसायिक कीट विकास केन्द्र र यस अन्तरगत रहेका केन्द्रहरुले आ.व. २०७८/०७९ मा संचालन गर्ने ब्यावसायिक कीट विकास कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले नेपाल सरकार, विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "ब्यावसायिक किट विकास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"व्यावसायिक कीट विकास कार्यक्रम"** भन्नाले मौरीपालन, च्याउ खेती र रेशमकीरा पालनसँग सम्बन्धित कार्यक्रम सम्झनु पर्दछ ।

(ख) **"मौरीपालन व्यवसाय"** भन्नाले मह, मौरीजन्य उपजहरुको उत्पादन, मौरी पालन र मह प्रशोधनमा प्रयोग हुने औजार उपकरणहरुको निर्माण र विक्री वितरण, मह र मौरीजन्य बस्तुहरुको प्रशोधन, गुणस्तर मापन, प्रमाणिकरण र विदेश निकासी गर्नेसम्मका गतिविधि सम्झनु पर्दछ।

(ग) **"व्यावसायिक मौरीपालक कृषक"** भन्नाले सेरेना मौरीको हकमा कम्तीमा २५ घार र मेलिफेरा मौरीको हकमा कम्तिमा ५० घार मौरीपालन गर्ने कृषक,सहकारी संघ/संस्था फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(घ) **"मह र मौरीजन्य उत्पादन ब्यवसायी"** भन्नाले मह संकलन,प्रशोधन, तथा बेचविखन गर्ने, मौरीघार तथा मौरीपालनका उपकरणहरु उत्पादन गरी बिक्री वितरणको कारोबार गर्ने उद्योग ब्यवसाय दर्ता गरेको कृषक,सहकारी संघ/संस्था फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(ङ)**"मह निर्यात प्रबर्द्धन"** भन्नाले ब्यावसायिक रुपमा मह उत्पादन, उत्पादित महको प्रशोधन, गुणस्तर मापन, प्याकेजिङ्ग तथा विदेश निकासी गर्ने कार्य सम्झनु पर्दछ।

(च) **"एपी-टुरीजम"** भन्नाले मौरीपालनको माध्यमबाट विदेशी तथा स्वदेशी पर्यटकहरुलाई आकर्षण गर्ने विभिन्न क्रियाकलापलाई बुझाउँछ ।

(छ) **"च्याउ उत्पादन कार्यक्रम"** भन्नाले ताजा च्याउ उत्पादन, प्रशोधन तथा बिक्री वितरण सम्बन्धि काम गर्ने र च्याउको वीउ उत्पादन तथा बिक्री वितरण गर्ने कार्य संझनु पर्दछ ।

(ज) **"ब्यावसायिक च्याउ खेती गर्ने कृषक"** भन्नाले बर्षभरी कम्पोष्ट वा पराल वा अन्य माध्यममा च्याउ खेती गरी कम्तिमा बार्षिक ५ लाख आम्दानी गर्न *सक्ने कृषक,सहकारी* संघ/संस्था फर्म वा कम्पनी सम्झनु पर्दछ ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

(झ) **"किम्बु खेती विस्तार"** भन्नाले तोकिएको क्षेत्रफलमा रेशम कीरा पालनको लागि किम्बु विरुवा रोपण गर्ने कार्य सम्झनु पर्दछ ।

(ञ) **"रेशम कीरा पालन"** भन्नाले रेशम विज उत्पादन, भण्डारण, वितरण, चौकी कीरा पालन, ठूला कीरापालन, विजकोया उत्पादन, कोया उत्पादन, कोया टीप्ने, सुकाउने तथा विक्री वितरण गर्ने सम्मका कार्य सम्झनु पर्दछ ।

(ट) **"ब्यावसायिक रेशम कृषक"** भन्नाले कम्तिमा १० रोपनीमा किम्बुखेती गरी एक पटकमा कम्तिमा ४ बाकस (८०,००० कीरा) रेशम कीरा पालन गर्ने कृषक,सहकारी संघ/संस्था फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(ठ) **"रेशम खेती विस्तार"** भन्नाले एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिहरुले एकै स्थान (Cluster) मा कम्तीमा ५ हेक्टर क्षेत्रमा किम्बु विरुवा लगाउने र सोहि अनुसार रेशम कीरापालन घर निर्माण तथा कीरापालन, कृषि यान्त्रिकरण, सिंचाइ व्यवस्थापन एवं यससँग सम्बन्धित सवै कृयाकलाप/प्याकेजलाई सम्झनु पर्दछ ।

(ड) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमबाट अनुदान प्राप्त गर्ने ब्यक्ति, समूह, सहकारी संघ/संस्था वा कम्पनी सम्झनु पर्दछ ।

(ढ) **"एपियरी/मौरीखर्क"** भन्नाले मौरीपालनको लागि मौरी राखिने क्षेत्र वा स्थान वा ठाउँलाई सम्झनु पर्दछ ।

(ण) **"केन्द्र"** भन्नाले व्यावसायिक किट विकास केन्द्र र मातहतका केन्द्रलाई सम्झनु पर्दछ ।

(त) **"विभाग"** भन्नाले कृषि विभाग सम्झनु पर्दछ।

(थ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ ।

(द) **"कार्यक्रम"** भन्नाले ब्यावसायिक कीट विकास केन्द्र र मातहतका केन्द्रको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्दछ ।

(ध) **"स्रोत केन्द्र"** भन्नाले च्याउ वीउ स्रोत केन्द्र वा मौरी स्रोतकेन्द्रलाई सम्झनुपर्दछ। कृषक, सहकारी संघ/संस्था फर्म वा कम्पनीले अनुसुचि-११ अनुसार मापदण्ड पुरा गरी स्रोतकेन्द्र दर्ता गराई गतिविधि संचालन गर्न सक्नेछन्।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय वमोजिम रहेका छनः-

**(क)**उन्नत प्रविधिको अवलम्बनबाट मह तथा च्याउको उत्पादन र उत्पादकत्वमा बृद्धि गरिनुका साथै आन्तरिक उपभोगमा समेत बृद्धि ल्याई खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

**(ख)**मौरी र मौरीजन्य उपजहरुको उत्पादन, प्रशोधन र बजारीकरण प्रबर्द्धनका लागि बिभिन्न कृयाकलापहरु संचालन गरी लक्षित बर्गमा सहयोग पुर्याउने ।

(ग) मौरीका विभिन्न प्रजातिहरुको संरक्षण, सम्बर्धन र ब्यावसायिक प्रबर्द्धनका क्षेत्रमा सरोकारवाला निकायहरुसँग समन्वय गरी आवश्यक गतिविधिहरु संचालन गर्ने साथै एपिटुरिजमको विकास गर्ने ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

## परिच्छेद-२

## सञ्चालन गरिने क्रियाकलाप र यसका प्रासङ्गिक विषय

४. **गुणस्तर रानु उत्पादन सम्बन्धी कार्यक्रम :** (१) रानुमौरीको जातिय/बंशाणुगत गुणमा सुधार गरी मौरीगोलालाई बढी उत्पादनशिल बनाउने उद्देश्यकासाथ यो कार्यक्रम तर्जुमा गरीएको हो। गुणस्तरीय रानु उत्पादनबाट थप मजबुत, स्वस्थ्य एवम् गुणस्तरीय मौरीगोला उत्पादन भई अन्तत, मौरीगोलाबाट प्राप्त हुने मह र मौरीका अन्य उपजहरुको उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ। यस कार्यक्रम अन्तरगत गुणस्तरीय आमागोला, न्युक्लियस घार, ग्राफ्टीङ्ग घारगोला तथा ग्राफ्टिङ्गका औजारसामाग्रीहरु, मेटिङ्ग हाइभ, आधारचाका, कृत्रिम आहारमा अनुदान सहयोग तथा प्राविधिक सेवाटेवा सम्बन्धी क्रियाकलापहरु संचालन गरीनेछ।

(२) उपदफा १ अनुसारका कार्यहरुका लागि अनुदान प्रदान गर्दा उत्पादन हुने रानुको आधारमा प्रति रानु उत्पादन लागत खर्चको ५० प्रतिशतले बढिमा रु. ५१४।-उपलब्ध गराइनेछ (अनुसुचि-६)।

(३) यस कार्यक्रम संचालन गर्दा पालना गर्नुपर्ने न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय तल बुँदागत रुपमा उल्लेख गरिएको छ :-

**(क)** यो कार्यक्रम संचालन गर्न ब्यवसायीले कृत्रिम रानु उत्पादन सम्बन्धी (२१ दिने) तालिम लिएको र कम्तीमा १०० वटा मजबुत र स्वस्थ मौरीगोला पालन गरेको हुनुपर्दछ ।

**(ख)** मेलिफेरा मौरीको रानु उत्पादन गर्दा आमा गोलाहरु छनौट गर्दा भाले र रानु छुट्टा छुट्टै क्षेत्रबाट छनौट गर्नुपर्नेछ ।

**(ग)** सेरेना मौरीको हकमा नेपालमा पाइने सेरेना मौरीका विभिन्न प्रजातीहरुबाट क्रस गराई गुणस्तरीय रानु उत्पादन गर्नुपर्नेछ ।

**(घ)** यसरी उत्पादन गरिएका रानुहरु नेपाल सरकारले तोके बमोजिम मुल्य बराबरको राजश्व शुल्क लिई मौरीपालक कृषकहरुलाई वितरण गर्नुपर्नेछ ।

**(ङ)** रानु उत्पादन गर्नको लागि श्रोत केन्द्रको लागि आवश्यक पूर्वाधार भएका फर्म वा व्यवसायीहरुले केन्द्रमा रानु उत्पादन श्रोत केन्द्रको रपमा दर्ता गराई गुणस्तर प्रमाणित गराएर मात्र रानु उत्पादन तथा विक्री वितरण गर्न पाउने छन्।

**(च)** रानु उत्पादनको लागि अनुदानग्राही छनौट दफा ९ को उपदफा (३) बमोजिमको समितीबाट गरिने छ।

५. **रोगको समस्या देखा परेको क्षेत्रमा २ दिने घुम्ति तालिम सम्बन्धी कार्यक्रम : (१)** मौरी चरनको क्षेत्रहरुमा समस्याको आधारमा मौरीमा संक्रमण फैलाउने रोग, किरा र अन्य समस्याहरुको समाधानको लागि निश्चित स्थानमा आवश्यकता अनुसार २ दिने घुम्ति तालिम संचालन गरिनेछ ।

(२) तालिम संचालन गर्दा पालना गर्नुपर्ने न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय तल बुँदागत रुपमा उल्लेख गरिएको छ :-

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क)मौरीपालन पकेट क्षेत्र वा मौरी चरन पकेट क्षेत्रमा देखिएका समस्याहरु एवम् रासायनिक विषादिको अत्याधिक प्रयोग भइरहेको क्षेत्रलाई समेट्ने गरी तालिम संचालन गर्नुपर्नेछ ।

(ख)तालिम २ कार्यदिनको हुनेछ र तालिम संचालन हुने मिति, स्थान र समयबारे कृषकलाई अग्रिम जानकारी गराउनु पर्नेछ।

(ग) तालिममा कृषकहरुले ल्याएका नमूना र कृषकहरुसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा उपलब्ध गराउनु पर्नेछ।

(घ) यो तालिम मौरीपालनमा अनुभव भएका वाली संरक्षण अधिकृत वा मौरी उपचार विशेषज्ञ (बी क्लिनिक विशेषज्ञ) वा तालिम प्राप्त प्राविधिकको प्रत्यक्ष संलग्नतामा सञ्चालन गर्नु पर्नेछ।

(ङ) तालिममा कृषकहरुलाई अत्यावश्यक पर्ने औषधि तथा गोला व्यवस्थापनमा आबश्यक पर्ने उपकरण को व्यवस्था केन्द्रले गर्नेछ।

(च) केन्द्र र मातहतका कार्यलय/ केन्द्रहरुमा संचालन गरिने अन्य तालिमहरुहरुको हकमा "कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन ललितपुर" बाट संचालन गरिने तालिम संचालन नर्मस् अनुसार गरिनेछ।

६. **Mites (सुलसुले) तथा European Foul Brood (E. F. B.) व्यवस्थापन सम्बन्धी कार्यक्रम:** (१) Mites (सुलसुले) परजिवी प्रतिकुल मौसम र कमजोर गोला भएको अवस्थामा मौरीमा देखिने प्रमुख समस्या हो। त्यसैगरी **E.F.B.** व्याक्टेरीया मौरीको लार्भा अवस्थामा आक्रमण गरी मौरीगोलामा ब्यापक क्षति पुऱ्याउने रोग हो। यी दुबै समस्याबारे कृषकलाइ समयमै सचेत गराई रोगको नियन्त्रण र रोगथामको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रम संचालन गर्दा पालना गर्नुपर्ने न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय तल बुँदागत रुपमा उल्लेख गरिएको छ :-

(क)यो कार्यक्रम समस्याग्रस्त मौरीपालन पकेट क्षेत्रमा गई धेरै भन्दा धेरै मौरीपालक कृषकहरुको सहभागितामा सञ्चालन गर्नुपर्नेछ ।

(ख)कार्यक्रम संचालन अवधि १ कार्यदिनको हुने र संचालन हुने मिति, स्थान र समयको बारेमा कृषकलाई अग्रिम जानकारी दिनुपर्नेछ ।

**(ग)** कार्यक्रम संचालनका क्रममा रोगी घारगोलाहरुको पहिचान गरी छनौट नियन्त्रण र रोकथामका लागि सिफारिस गरिएका उपायहरुको अवलम्बन गर्नुपर्दछ ।यसको लागि कम्तीमा ८ पटक सम्म (हप्ताको १ पटक) घार गोला निरीक्षण कार्य गर्नुपर्नेछ ।

(घ) यो कार्यक्रम मौरीपालनमा अनुभव भएका वाली संरक्षण अधिकृत वा मौरी उपचार विशेषज्ञ (बी क्लिनिक विशेषज्ञ) वा तालिम प्राप्त प्राविधिकको प्रत्यक्ष संलग्नतामा सञ्चालन गर्नुपर्नेछ।

(ङ) फिल्डमा देखिएको मौरी रोगका नमूना र कृषकहरुसँग लिइएको जानकारीका आधारमा समस्या पहिचान गरी समाधानका उपायहरु कृषकले बुझ्ने गरी लिखित रुपमा उपलब्ध गराउनु पर्नेछ।

(च) यस कार्यक्रम संचालनका क्रममा कृषकहरुलाई अत्यावश्यक पर्ने औषधि तथा अन्य सामाग्रीहरु केन्द्रले उपलब्ध गराउनु पर्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

७. **मौरीपालन ब्यावसायिकरणका लागि मागमा आधारित चरन ब्यवस्थापनमा सहयोग सम्बन्धी कार्यक्रम :** (१) ब्यावसायिक मौरीपालकहरुले मौरीचरनका लागि मौरीगोला स्थानान्तर गर्ने क्रममा मौरीगोलामा हुने क्षति न्यूनिकरण गर्न ब्यावसायिक मौरीपालनमा लागेका निजि उद्यमी/समुह/सहकारी संघ/संस्था लाइ मौरी चरन स्रोतसम्म मौरीगोला ढुवानीमा सहजता प्रदान गर्न विशेष ढुवानी साधन(ट्रली) मा अनुदान दिइनेछ। यसरी अनुदान सहयोग प्रदान गर्दा कुल लागतको ५० प्रतिशतले बढीमा रु.१५ लाख सम्म अनुदान प्रदान गर्न सकिने छ।

(२) यस कार्यक्रम संचालन गर्दा पालना गर्नुपर्ने न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय तल बुँदागत रुपमा उल्लेख गरिएको छ:-

(क) ब्यावसायिक मौरीपालन क्षेत्रमा संलग्न निजी उद्यमी, समूह/संघसंस्था वा कम्पनी यस कार्यक्रममा सहभागि हुन सक्नेछन।

(ख) यस सहयोग कार्यक्रमका लागि उद्यमी वा समुह/संघसंस्था वा कम्पनीसँग कम्तिमा पनि ५०० मजबुत गोला मौरी पालिएको हुनुपर्दछ । साथै यस क्षेत्रको कम्तिमा पनि ४ वर्ष मौरीपालन ब्यवसाय संचालन गरेको अनुभव भएको हुनुपर्नेछ ।

(ग) अनुदानग्राहि उद्यमी वा समुह/संघसंस्था वा कम्पनीको छनौट दफा ९ को उपदफा (३) समितिले गर्नेछ।

८. **रेशम खेती क्षेत्र विस्तार सम्बन्धी कार्यक्रम: (१)** रेशम खेतीमा कृषकहरुलाई आकर्षित गरी गुणस्तरीय रेशम कोयाको उत्पादन मार्फत व्यावसायिकरण प्रवर्द्धन गर्न यो कार्यक्रम तर्जुमा गरिएको हो। यस कार्यक्रम अन्तरगत किम्बु विरुवा खरिद, जग्गाको तयारी तथा विरुवा रोपण, चौकी तथा ठुला कीरापालन घर निर्माण र रेशम कीरापालन साथै यसका अन्य ब्यवस्थापन सम्बन्धि क्रियाकलाप संचालन गरिनेछ।

(२) यस कार्यक्रम संचालन गर्दा पालना गर्नुपर्ने न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय तल बुँदागत रुपमा उल्लेख गरिएको छ:-

(क) यो कार्यक्रम केन्द्रले सञ्चालन गर्नेछ ।

(ख) किम्बु बगैचा स्थापना गर्ने क्षेत्र भौगोलिक एवं प्राविधिक दृष्टिकोणले उपयुक्त हुनुपर्नेछ ।

(ग) किम्बु रोपणको लागि कम्तीमा ५ हेक्टर जमिन एकै स्थानमा भएको हुनुपर्नेछ ।

(घ) एकै क्षेत्रमा कम्तिमा पनि २ वटा क्लष्टर (१० हेक्टर) क्षेत्रमा किम्बु खेती गर्ने उद्यमी वा व्यवसायी, रेशम कोया सङ्कलन गरी धागो उत्पादन गर्ने पूर्वाधार भएका र कपडा उत्पादनमा सरिक उद्यमीहरु, युवा तथा महिला उद्यमीहरुलाई प्रथामिकता दिनु पर्नेछ।

(ङ) कार्यक्रम सञ्चालनका लागि किम्बु क्षेत्र विस्तार गर्ने जमिन आफ्नो नाममा भएको वा करारमा लिएको भए जमिनको कित्ता नं. खुल्ने गरी कम्तीमा पनि २० बर्षको करार सम्झौता गरेको हुनुपर्नेछ।

(च) प्राप्त आवेदनहरु मध्ये उपयुक्त अनुदनग्राहिको छनौट दफा ९ को उपदफा (३) बमोजिमको समितिले गर्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रकृया

९. **प्रस्ताव आह्वान तथा मूल्याङ्कनः** (१) यस कार्यविधि अन्तरगतका कार्यक्रममा अनुदानग्राही छनौट गर्न केन्द्रले राष्ट्रियस्तरको पत्रिकामा नियमानुसार म्याद दिई अनुसूची-१ बमोजिम सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको आधारमा योग्यता पुरा गर्ने आवेदकहरुले सूचनामा उल्लेखित आवश्यक प्रमाण संलग्न गरी अनुसूची-२ बमोजिमको आवेदनको साथ अनुसूची-३ बमोजिमको प्रस्ताव केन्द्रमा दर्ता गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता भएका प्रस्तावहरुको मूल्याङ्कन गरी अनुदानग्राही छनौट गर्न देहाय बमोजिमको मुल्याङ्कन/छनौट समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख, व्यावसायिक कीट विकास केन्द्र वा निजले तोकेका रा. प. द्वि. श्रेणीको अधिकृत | संयोजक |
| प्रमुख, मौरी विकास केन्द्र/रेशम विकास केन्द्र | सदस्य |
| प्रतिनिधि, कृषि विभाग (बाली संरक्षण शाखा प्रमुख/योजना शाखाका प्रतिनिधि) | सदस्य |
| बरिष्ठ वाली संरक्षण अधिकृत, व्यावसायिक कीट विकास केन्द्र | सदस्य |
| प्रतिनिधि, आर्थिक प्रशासन शाखा ब्यावसायिक कीट विकास केन्द्र | सदस्य |
| अधिकृत, योजना शाखा, ब्यावसायिक कीट विकास केन्द्र | सदस्य सचिव |

(४) उपदफा (३) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) ब्यावसायिक कीट विकास केन्द्र मातहतका कार्यालयको हकमा सम्बन्धित केन्द्र प्रमुखको संयोजकत्वमा ब्यावसायिक कीट विकास केन्द्रको प्रतिनिधि रहने गरी मुल्याङ्कन/छनौट समिति गठन गर्न सकिनेछ ।

(६) उपदफा (३) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

- प्राप्त प्रस्तावहरुको योग्यता तथा कागजातहरुको आधारमा प्रारम्भिक मूल्याङ्कन गर्ने,
- अनुसूची-४ बमोजिमको मूल्याङ्कनका आधारहरुमा प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्ने,
- अनुसूची-४ बमोजिमको मूल्याङ्कनका आधारहरुलाई आवश्यकता/कार्यक्रम अनुसार विस्तृतिकरण गर्ने,
- अनुसूची -५ बमोजिमको सम्झौताको ढाँचा आवश्यकता अनुरुप परिमार्जन गर्ने।

(७) उपदफा (६) बमोजिम छनौट भएका आवेदकको विवरण केन्द्रको सूचनापाटी तथा वेभसाइटमा प्रकाशन गरिनेछ ।

(८) प्रस्ताव मूल्याङ्कनको क्रममा प्रारम्भिक मूल्याङ्कन, स्थलगत प्रमाणिकरण, मेशिनरी उपकरणको स्पेशिफिकेसन तयारी लगायतका प्राविधिक कार्यका लागि उपदफा (३) बमोजिमको समितिले सहयोग गर्न उप-समिति गठन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम गठन हुने उप-समितिको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ।



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१०. <u>सम्झौता एवं कार्यदिश</u>: यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीसँग केन्द्रले अनुसूची-५ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यदिश दिनेछ ।

११ .<u>अनुदान प्रवाह विधि</u>: (१) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकमको भूक्तानी विधि नेपाल सरकारको प्रचलित कानुन बमोजिम सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।

(२) अनुदान रकम प्राप्त गर्न अनुदानग्राहीले अनुसूची-१० बमोजिमको ढाँचामा कार्य सम्पादन प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४

## <u>अनुगमन तथा मूल्याङ्कन</u>

१२ .<u>अनुगमन तथा मूल्याङ्कन व्यवस्था</u>: (१)यस कार्यविधि अनुरुप संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, विभाग र केन्द्रबाट नियमित रुपमा हुनेछ। आवश्यकता अनुसार प्रदेश र स्थानीय तहले समेत अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको कार्यक्रम सञ्चालनको लेखा रुजु गर्न सक्नेछ र यस सम्वन्धी हिसाब देखाउने दायित्व अनुदानग्राहीको हुनेछ ।

## परिच्छेद-५

## <u>विविध</u>

१३. <u>अनुदानग्राहीले पालना गर्नुपर्ने</u> :अनुदानग्राहीले यस कार्यविधि अनुसार सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि अनुदान रकम सम्वन्धी विवरण सहितको होर्डिङ बोर्ड कार्यक्रम स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

१४. <u>कारवाहीको व्यवस्था</u>: (१) यस कार्यविधि बमोजिम अनुदान रकम लिई सम्झौता अनुरुप कार्य नगरेमा वा गुणस्तरीय कार्य सम्पादन नगरेमा त्यस्ता अनुदानग्राहीको अनुदान रकम रोक्का गर्न सकिनेछ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिइ दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिनेछ र भविष्यमा प्रदान गरीने अनुदानका कार्यक्रमका लागि अयोग्य ठहरीने छ।

१५. <u>प्रचलित कानून लागु हुने</u> :यस कार्यविधि उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१६. <u>संशोधन र खारेजी</u> :कृषि तथा पशुपंछी विकास मन्त्रालयले आवश्यकता अनुसार कार्यविधि संशोधन, परिमार्जन वा खारेज गर्न सक्नेछ ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची – १

(दफा ९ को उपदफा (१) सँग सम्वन्धित)

<u>प्रस्ताव आह्वानका लागि सूचनाको नमुना</u>

**सूचना**

यस कार्यालय/केन्द्रको आ.व. ........ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ...................... खेती प्रवर्द्धन/विकास कार्यक्रममा सहभागी हुन ईच्छुक व्यक्ति/कृषक समुह/सहकारी/फर्म/कम्नीबाट प्रस्तावका लागि यो सूचना प्रकाशन गरिएको छ । कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .........दिन भित्र व्यवसायिक कीट विकास केन्द्र वा ...................मा तपशिल बमोजिमका कागजातहरुसहित आवेदन गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपशिल</u>

१. अनुसूची २ अनुसारको आवेदन फाराम ।
२. अनुसूची ३ अनुसारको संक्षिप्त व्यवसायिक योजना/प्रस्ताव ।
३. नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि ।
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।
५. समुह/सहकारी/समिति/फर्म/कम्पनी सम्वन्धित निकायमा दर्ता भएको तथा नविकरण भएको प्रमाणको प्रतिलिपि (व्यक्तिका हकमा आवश्यक नपर्ने)।
६. कर चुक्ता प्रमाण तथा लेखापरिक्षण प्रतिवेदन (व्यक्तिका हकमा आवश्यक नपर्ने)।

*(नोटः केन्द्रले आवश्यकता अनुरुप थप विवरण समावेश गरी सूचना प्रकाशन गर्न सक्नेछ)*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची – २
### (दफा ९ को उपदफा (२) सँग सम्वन्धित)
### आवेदन–पत्रको ढाँचा

श्रीमान्

............................... ।

विषयः.............................................कार्यक्रमका लागि अनुदान सहयोग सम्वन्धमा ।

महोदय,

तहाँ केन्द्रबाट मिति २०७८/.../......मा प्रकाशित सूचना अनुसार ................कार्यक्रममा सहभागी हुन ईच्छुक रहेकोले.............कार्यक्रममा सहभागी गराई अनुदान रु...................(अक्षरेपी...................) उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु/छौं । पूनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल

१. अनूसूची ३ अनुसारको प्रस्ताव

२. नेपाली नागरीकताको प्रमाणित प्रतिलिपी

३. समुह/सहकारी/समिति/फर्म/कम्पनी सम्वन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण

४. कर चुक्ता प्रमाण पत्र तथा लेखापरिक्षण प्रतिवेदन प्रतिलिपी ।

५. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपीहरु।

६. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता ।

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## अनुसूची - ३

(दफा ९ को उपदफा (२) सँग सम्वन्धित)

**प्रस्तावको ढाँचा (ब्यावसायिक योजना)**

### खण्ड १: प्रस्तावित उपआयोजनाको सारांश

| | |
|---|---|
| उप आयोजनाको नामः | |
| उत्पादन गरिने बस्तु र बार्षिक न्युनतम परिमाण | |
| निर्माण गरिने संरचना र क्षेत्रफल<br>*(डिजाइन एव लागत स्टीमेट) (नोटः रेशम खेतीकोलागि किम्बु क्षेत्र विस्तारको हकमा कम्तीमा पनि ५ हेक्टर हुनु पर्ने)* | |
| उत्पादन, प्रशोधन तथा प्याकिङ्ग र बजारीकरणका लागि आवश्यक पर्ने मेशिनरी औजार र क्षमता<br>*(यसमा बस्तु उत्पादनमा प्रयोग हुने र उत्पादन लिएपछि का कार्य र प्याकिङ्ग गरी बजारीकरण गर्न आवश्यक पर्ने मेशिनरी औजार र क्षमता उल्लेख गर्ने)* | |
| आवेदकको नामः | |
| ठेगानाः | |
| सम्पर्क टेलिफोन नं. | |
| दर्ता वर्षः | |
| मुकर.अ./स्था ले र दर्ता वर्षः .न. | |
| बैक खाता विवरण | बैकको नामः<br>ठेगानाः<br>खाता नं.<br>खाता संचालकको नामः |
| आवेदकको परिचय तथा अनुभव<br>*(आवेदकले च्याउ, मौरीपालन र रेशमखेती उत्पादन कार्यसँग सम्बन्धित हासिल गरेका उपलब्धी तथा तालिमको विस्तृत विवरण राखी यसको प्रमाणको लागि आवश्यक कागजातको फोटोकपी अनुसूचीमा राखे)* | |
| प्रस्तावित व्यवसायको सार संक्षेप<br>*(वर्तमान अवस्था, समस्या तथा अवसरहरु, सरकारी सहयोगको क्षेत्र र उक्त सहयोगबाट पर्ने प्रभाव सहितको संक्षेप उल्लेख गर्ने)* | |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| उपआयोजना संचालन स्थलः | जिल्लाः<br>म.पा.न. / उ.पा.न. /न.पा. /गा.पा.<br>वडा नं.<br>स्थानः |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| वर्तमान क्रियाकलापहरु<br>*(आवेदकले हाल गरीरहेका च्याउ, रेशम कोया र मौरीजन्य उत्पादनसँग सम्बन्धित क्रियाकलापहरु र यसको प्रतिफल समावेश गर्ने)* | |
| प्रस्तावित उप-आयोजनाको प्रमुख उद्देश्य | •<br>•<br>• |
| प्रस्तावित उप आयोजनाका मुख्य क्रियाकलापहरु | क्रियाकलापहरु<br>• .<br>• .<br>• . |
| | |

**खण्ड २: व्यवसायको विवरण**

| २.१ प्रस्तावित ब्यावसायिक योजनाको भूमिका र पुष्टयाई |
|---|
| ५०० शब्द नबढाई व्यवसायको छोटकरी विवरण जसमा मुख्य काम, प्रकृति, वर्तमान मुख्य क्रियाकलापहरु, अवस्था, उपलब्धीहरु, सामाना गरीरहेका समस्याहरु, पहिचान गरीएका अवसरहरु, उत्पादनको लागि आवश्यक सामाग्री उपलब्धता मुल्य अभिबृदद्धिका अवसरहरु प्रस्तावित कार्य यसको प्रभाव मुख्य बजार सम्भावित आम्दानी र व्यवसाय गर्ने कृषकहरुलाई प्रस्तावित कार्यबाट पुग्ने फाइदाहरु उल्लेख गर्ने । |

| २.२ समस्या, अवसर तथा प्रस्तावित क्रियाकलापहरु |
|---|
| प्रस्तावित उप आयोजनाका प्रमुख समस्या तथा अवसरहरु तथा तिनका आधारित क्रियाकलापहरु जसले समस्याहरुलाई खुकुलो बनाउछ र अवसरहरुको उचित उपयोग हुनेछ । |

| समस्याहरु: | अवसरहरु |
|---|---|
| १.<br>२.<br>३.<br>४.<br>५. | |

| २.३ प्रस्तावित क्रियाकलापहरु |
|---|
| बढीमा ५०० शब्द भित्र प्रस्तावित क्रियाकलापहरुको संक्षिप्त विवरण दिनुहोस् (के, कसरी, कस्ले, कहाँ गर्ने र कहिले सम्म गर्ने)<br>क्रियाकलाप १<br>क्रियाकलाप २<br>क्रियाकलाप ३<br>क्रियाकलाप ४<br>.............. |
| २.४ प्राप्त गर्न खोजिएको नतिजा/प्रतिफल |



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

| प्रतिफल सूचक | उप आयोजनाको लक्ष्य | | | |
|---|---|---|---|---|
| क्षेत्रफल (वर्ग मि./ रोपनि/ विघा/ हेक्टर) | | | | |
| थप हुने मेसिनरी औजारको विवरण तथा हासिल हुने (प्रतिफल प्रत्येक मेसिन जडानबाट प्राप्त हुने प्रतिफल) | मेसिनको नाम | | प्रतिफल | |
| | | | | |
| | | | | |
| उत्पादन परिमाणमा बृद्धि (यसमा पहिलो देखि पाँच वर्ष सम्मको विवरण राख्ने) | पहिलो वर्ष | दोश्रो वर्ष. | तेश्रो वर्ष | चौथो वर्ष / पाँचौ वर्ष |
| | | | | |
| उत्पादन तथा विक्रि मार्फत आयात प्रतिस्थापन हुने अनुमानित रुपैयाँ (बार्षिक रुका दरले पाँच बर्ष सम्म..... रु .... ) | | | | |
| रोजगारी बृद्धि | जना ... जना बर्षैभरी रोजगार .... जना स्वरोजगार .... र्यदिन आंशिक रोजगारवा का | | | |
| किसानहरुको आयमा बृद्धि *(कार्यक्रम सञ्चालनबाट उत्पादनमा हुने अनुमानित थप बृद्धि र यसको अनुमानित थप मूल्य उल्लेख गर्ने)* | | | | |

| २.५ प्रस्तावित पूर्वाधार डिजाईन तथा इस्टिमेट |
|---|
| यसमा प्रस्तावित पूर्वाधारहरु जस्तै प्लाष्टिक घर र मेसिनरी औजार जस्ता पूर्वाधारहरु तथा तिनका संख्या लम्बाई चौडाई उचाई आकार तथा डिजाइन एवं इष्टिमेटको बारेमा उल्ले गर्ने र व्यावसायिक योजनाको पछाडि संलग्न राख्ने । |

| २.६ कार्य सञ्चालन क्षमता र अनुभव | |
|---|---|
| २.६.१ अनुभव *(यसमा प्रस्तावकको प्रस्तावित क्रियाकलाप गरेको अनुभवको अवधि प्राप्त गरेका तालिमको विवरण जनशक्त विवरण)* | |
| २.६.२ हाल उपलब्ध पूर्वाधारहरु, यन्त्र, औजार तथा मानव संशाधन | |
| पूर्वाधार | पूर्वाधारको विवरण किसिम संख्या आकार |
| जमिन | |
| मेसिनरी औजार | |
| चरन | |
| ...... | |

२.७ जनशक्ति

| किसिम | संख्या | पुरुष | महिला | जनजाति |
|---|---|---|---|---|
| प्राविधिक | पूर्णकालिन | | | |
| | आंशिक | | | |
| व्यवस्थापकीय | पूर्णकालिन | | | |
| | आंशिक | | | |
| दक्ष कामदार | वर्षभरी | | | |
| | आवश्यकता अनुसार | | | |



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

२.८ कार्यतालिका

| प्रस्तावित उत्पादन क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## खण्ड ३: बिक्री तथा आम्दानि विवरण

३.१ बिक्री तथा आम्दानि विवरण

| क्र.सं. | विवरण | इकाई | पहिलो वर्ष | | दोश्रो वर्ष | | तेश्रो वर्ष | | चौथो वर्ष | | पाँचौ वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य | परिमाण | मूल्य |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |

## खण्ड ४: व्यावस्थापन योजना

४.१ आबश्यक सामग्री तथा सेवा खरिद योजना

| क्र.सं. | विवरण | इकाई | परिमाण | जात वा प्रकार | आपूर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

४.२ जोखिम ब्यवस्थापन

| विवरण | सम्भावित जोखिम | जोखिमको प्रकृति र व्यापकता | व्यवस्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

४.३ वातारवरणीय र सामाजिक ब्यवस्थापन

| क्रियाकलाप | प्रभाव | न्यूनिकरणका उपायहरु | अनुगमनका सूचकहरु | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार निर्माण | | | | |
| उत्पादन | | | | |
| बजारीकरण | | | | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची – ४

## (दफा ९ को उपदफा (६) सँग सम्वन्धित)

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.स. | नाम | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम (२०) | व्यवसायिक योजना (लगानि, प्रतिफल, क्षेत्रफल, आर्थिक सम्भाव्यता, बजार व्यवस्थापन लगायत ) (५०) | व्यावसायको भौगोलिक तथा प्राविधिक सम्भाव्यता (१५) | लक्षित वर्ग (१५) | कुल प्रासाङ्क (१००) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति:

१.

२.

३.

४.

५.

*(यो अनुसुचीमा उल्लेख भएको कूल पुर्णाङ्किलाई मुख्य आधार मानेर कार्य प्रकृति अनुसार अन्य आवश्यक बुदाहरु समावेश गराइ मूल्याङ्कन फर्मेट तयार गरी प्रस्ताव मूल्याङ्कन गर्न सकिने छ)*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची – ५**

**(दफा १० सँग सम्वन्धित)**

**<u>सम्झौताको ढाँचा</u>**

कृषि विभाग, व्यवसायिक किट विकास केन्द्र (यस पछि पहिलो पक्ष भनिने), .... .... .... .... .... मार्फत संचालन गरिने चालु आ.व. .... .... .... .... को स्वीकृत .... .... .... .... कार्यक्रम संचालन गर्न छनौट भएको.... .... .... .... .... .... (यस पछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरी एक/एक प्रति बुझि लियौ/दियौ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई ....................कार्यक्रम सञ्चालनका लागि स्वीकृत कार्य योजना अनुसार कार्य गर्ने गरी ............ किस्तामा अनुदान स्वरुप रु................(अक्षरेपी..............) छ ।*(अनुदान रकम तथा भूक्तानी विधि नेपाल सरकारबाट स्वीकृत कार्यवधि बमोजिम हुनेछ)*

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक परामर्श प्रास गरी पहिलो पक्षबाट स्वीकृत कार्य योजना अनुरुपको .... .... .... कार्यक्रम सञ्चाचालन गर्नेछ ।

३. पहिलो पक्षले दोस्रो पक्षबाट स्वीकृत कार्य योजना बमोजिमको कार्य संचालन भए नभएको नियमित अनुगमन गर्नेछ ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष
कार्यालयको तर्फवाट सहि गर्नेको
नामः
पदः
दस्तखतः
मितिः
कार्यालयको छापः

सम्पर्क फोन नं.

दोश्रो पक्ष
यूवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको
नामः
पदः
दस्तखतः
मितिः
औठाको छापः
संस्थाको छापः

दा. वाँ.

सम्पर्क फोन नं.

रोहवर

१ २ ३

*(यो अनुसुचीलाई मुख्य आधार मानेर स्विकृत विनियोजित बजेटमा नबढ्ने गरी कार्य प्रकृति अनुसार अन्य आवश्यक बुँदाहरु थप गरी सम्झौता गर्न सकिनेछ)*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-६

(दफा ४ सँग सम्वन्धित)

## प्रति १००० वटा गुणस्तर रानु उत्पादन गर्दा लाग्ने लागत अनुमान

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गुणस्तर आमा गोला खरिद (१० फ्रेमको गोला) | सख्या | १० | १५००० | १५०००० | |
| २ | चिनी चास्नी खुवाउन प्रति घार प्रति बर्ष १५ के.जी. का दरले | के.जी. | १५० | ९० | १३५०० | |
| ३ | ग्राफ्टिङ्ग घार गोला | सख्या | ५ | १०००० | ५०००० | |
| ४ | न्युक्लियस घार | सख्या | १०० | २५०० | २५०००० | |
| | ग्राफ्टिङ्ग सामान | सेट | ५ | २०००० | १००००० | |
| ६ | मेटिङ्ग हाइभ | संख्या | २०० | १२०० | २४०००० | |
| ७ | घार स्याण्ड | संख्या | २०० | ५०० | १००००० | |
| ८ | विभेल,पञ्जा | सेट | ५ | १००० | ५००० | |
| ९ | शुद्द मैन | के.जी. | १० | २००० | २०००० | |
| १० | फिडर | संख्या | १०० | ३०० | ३०००० | |
| ११ | तयारी कुट | के.जी. | २५ | १००० | २५००० | |
| १२ | रानु पिंजडा | संख्या | १०० | १०० | १०००० | |
| १३ | मौरीको स्याहार सम्भार गर्ने ज्यामी खर्च | जना | ५० | ६३० | ३१५०० | |
| १४ | प्राविधिकहरुको आते जाते दैनिक भत्ता एक पटकमा २ जना ले ३ पटकको | जना | ६ | १०००० | ६०००० | |
| १५ | विविध खर्च | | | | ३००० | |
| | कुल जम्मा रु. | | | | १०८८००० | |
| | प्रतिरानुमौरी उत्पादन लागत रु. | | | | १,०२८।- | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-७

### (दफा ५ सँग सम्वन्धित)

### २ दिने घुम्ति तालिम संचालन लागत अनुमान

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कक्षा सहजिकरण (प्रस्तुतिकरण) | संख्या | ८ | १५०० | १२००० | |
| २ | घुम्टी,रानुढोका,रानुपिंजडा,आधारचाका आदि खरिद तथा वितरण (सवै सहभागीहरुलाई) | पटक | १ | २०००० | २०००० | |
| ३ | ई.एफ.वि र माइट व्यवस्थापनको लागि औषधि (टेट्रासाइक्लिन/अन्य एन्टिवायोटिक र एपिस्टान) खरिद तथा वितरण(सवै सहभागीहरुलाई) | पटक | १ | ५००० | ५००० | |
| ४ | स्टेशनरी, फ्याक्ट सिट छपाई, ब्यानर, आदि | पटक | १ | २५०० | २५०० | |
| ५ | तालिम व्यवस्थापन खर्च | पटक | १ | १५०० | १५०० | |
| ६ | खाजा खर्च | जवान | ४० | २०० | ८००० | |
| ७ | प्रतिवेदन तयार | पटक | १ | १००० | १००० | |
| | कुल जम्मा रु. | | | | ५०००० | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-८

(दफा ६ सँग सम्वन्धित)

(क)European Foul Brood (EFB) व्यवस्थापन कार्यक्रम सञ्चालन लागत अनुमान

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार (एफ. एम., पर्चा, माईकिङ आदि) | पटक | १ | २००० | २००० | |
| २ | कार्यक्रम संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स, ब्यानर आदि) | पटक | १ | १०००० | १०००० | |
| ३ | सुझाव पर्चा, फ्याक्ट सिट छपाई | पटक | १ | १५०० | १५०० | |
| ४ | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि ) | पटक | १ | ५०० | ५०० | |
| ५ | EFB उपचार परिक्षण औषधी खर्च प्रति कृषक रु १००० का दरले १० जना कृषकहरु | पटक | १ | १०००० | १०००० | |
| ६ | प्राविधिकहरुको दै भ्र भत्ता २ जना एक पटकका दरले कम्तीमा पनि ४ पटक | जवान | ८ | ४००० | ३२००० | |
| ७ | कार्यक्रम सञ्चालनका लागि इन्धन | पटक | ४ | ८०० | ३२०० | |
| ८ | प्रतिवेदन तयार | पटक | १ | ८०० | ८०० | |
| | कुल जम्मा रु. | | | | ६०००० | |

(ख)सुलसुले (Mites) व्यवस्थापन अभियान कार्यक्रम सञ्चालन लागत अनुमान

| सि.नं. | विवरण | इकाइ | परिमाण | दर रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रचार प्रसार (एफ. एम., पर्चा, माईकिङ आदि) | पटक | १ | २००० | २००० | |
| २ | मौरी माइट व्यवस्थापन गर्न संचालन सामाग्री (एप्रोन, क्याप, चक्कु, कैची, लेन्स, भाइल, पेपर, केमिकल्स, ब्यानर आदि) | पटक | १ | १०००० | १०००० | |
| ३ | सुझाव पर्चा, फ्याक्ट सिट छपाई | पटक | १ | १५०० | १५०० | |
| ४ | स्टेशनरी (क्लिनिक रजिष्टर, कलम, आदि) | पटक | १ | ५०० | ५०० | |
| ५ | माइट व्यवस्थापन उपचार नमुना प्रदर्शन खर्च प्रति कृषक रु १००० का दरले १० जना कृषकहरु | सख्या | १० | १००० | १०००० | |
| ६ | प्राविधिकहरुको दै भ्र भत्ता २ जना एक पटकका दरले कम्तीमा पनि ३ पटक | जवान | ६ | ४००० | २४००० | |
| ७ | शिविर सञ्चालनका लागी इन्धन | पटक | ३ | ५०० | १५०० | |
| ८ | प्रतिवेदन तयार | पटक | १ | ५०० | ५०० | |
| | कुल जम्मा रु. | | | | ५०००० | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-९

**(दफा ८ सँग सम्वन्धित)**

### किम्बु खेती विस्तार (प्रति क्लष्टर वा ५हेक्टर) कार्यक्रम संचालन लागत अनुमान

| क्र स | कार्यक्रम | इकाइ | परीमाण | प्रती इकाइ मुल्य (रु) | जम्मा लाग्ने खर्च (रु) | सरकारी अनुदान( ५० %) रु | कृषक सहकारीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | किम्बु क्षेत्र विस्तार | हेक्टर | ५ | | | | | |
| २ | किम्बु विरुवा रोपण | सख्या | ५०००० | ४ | २००००० | १००००० | १००००० | |
| ३ | रासायनीक मलखाद व्यवस्थापन (300:120:120 NPK) | के जी | ५००० | ४० | २००००० | १००००० | १००००० | |
| ४ | स्थलगत तालीम | सख्या | १ | ३०००० | ३०००० | ३०००० | ० | |
| ५ | किम्बु विरुवा उत्पादन | सख्या | ५०००० | २ | १००००० | ५०००० | ५०००० | |
| ६ | रेशम कीराका फुल खरीद | बक्स | २०० | ५०० | १००००० | ५०००० | ५०००० | |
| ७ | सिंचाइ व्यवस्थापन | पटक | १ | १००००० | १००००० | ५०००० | ५०००० | |
| ८ | उपकरण खरिद (कुटो,कोदालो, गल हेम्मर,करौति,सिकेचर आदि) | सख्या | ११ | १५०० | १६५०० | ८२५० | ८२५० | |
| ९ | कीरापालन घर निर्माण अनुदान(चौकी कीरापालन -१, ठुला कीरापालन -१ ) | सख्या | २ | ३००००० | ६००००० | ३००००० | ३००००० | |
| ११ | सुचना प्रवाह तथा विविध खर्च (कन्टेन्जेन्सी ५%) | पटक | १ | ६७५०० | ६७५०० | ६७५०० | ० | |
| | जम्मा | | | | १४१४००० | ७५५७५० | ६५८२५० | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

अनुसूची-१०

(दफा ११ सँग सम्वन्धित)

**प्रगति विवरण पठाउने फारामको ढाँचा**

१. उद्यमी कृषकको

नाम :

ठेगाना :

२. संचालित व्यवसायको

नाम :

ठेगाना :

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधी : चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय वजारको विक्रि मूल्य :

१. .......        २. .......        ३.  ....

यूवा उद्यमीको नाम :

ठेगाना :

दस्तखत :

मिति :

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची – ११ (क)

## मौरी श्रोत केन्द्रको विशिष्टिकरण तथा मापदण्ड

मौरी श्रोत केन्द्रको स्थापना र श्रोत केन्द्रको रुपमा काम गर्न निम्न मादण्डहरु पूरा गरेको हुनुपर्नेछ।

१.सरकारी मान्यता प्राप्त संस्थाः व्यवसायिक कीट बिकास केन्द्र /कृषि ज्ञान केन्द्र/स्थानिय निकायमा सुची दर्ताको समयावधि भित्र सुची दर्ता तथा नविकरण गरेको हुनुपर्ने छ ।

२. प्यान वा भ्याटमा दर्ता भएको हुनुपर्ने छ ।

**(क) मौरी घार तथा उपकरण श्रोत केन्द्र**

१. मौरी घार तथा उपकरण श्रोत केन्द्र स्थापनाको लागि सरकारी मान्यता प्राप्त संस्थाबाट कम्तीमा १५ कार्य दिनको मौरी घार तथा अन्य उपकरण सम्बन्धि श्रोतकेन्द्र तालिम लिएको हुनुपर्ने छ ।

२.मौरीघार र घारसँग सम्बन्धित अन्य उपकरणको नापजाँचको हकमा एपिस सेरेना जातको मौरीको लागि न्यूटन बि (स्क्वायर टाईप) घारमा उल्लेख भएको जाँचपास र एपिस मेलीफेरा जातको मौरीको लागि ल्याङ्गस्ट्रोथ (Langstroth Bee Hive) टाईप घारमा उल्लेख भएको नापजाँच अनुसार हुनुपर्ने छ ।

३. अन्य मापदण्डहरु नेपाल सरकार कृषि तथा पशुपन्छी बिकास मन्त्रालयद्धारा स्विकृत "नेपाल असल मौरीपालन अभ्यास कार्यन्वयन निर्देशिका २०७४" अनुसार हुने छन्।

**(ख) मौरी गोला श्रोत केन्द्र**

१.मौरीगोला श्रोत केन्द्र स्थापनाको लागि कम्तिमा पनि मौरी गोला श्रोत केन्द्र स्थापना सम्बन्धि एक हप्ते तालिम लिएको हुनुपर्ने छ ।

२. यसको लागि व्यवसायी/उद्यमी सँग १०० मजबुत र स्वस्थ गोला भन्दा बढी मौरी गोला पालन गरिएको हुनुपर्नेछ ।

३. एपियरीमा गुणस्तरीय रानु र यसको प्रयोग गरी मौरी गोला बृद्धि गरेको हुनुपर्नेछ ।

४. मौरीचरनको राम्रो ब्यवस्था भएको हुनुपर्दछ ।

५.अन्य मापदण्डहरु नेपाल सरकार कृषि तथा पशुपन्छी बिकास मन्त्रालयद्धारा स्विकृत "नेपाल असल मौरीपालन अभ्यास कार्यन्वयन निर्देशिका २०७४" अनुसार हुने छन्।

**(ग) रानुमौरी उत्पादन श्रोत केन्द्र**

१. रानुमौरी उत्पादन श्रोत केन्द्र स्थापनाको लागि नेपाल सरकारबाट मान्यता प्राप्त संघ संस्थाबाट कम्तीमा पनि २१ कार्य दिनको रानुमौरी उत्पादन सम्बन्धि तालिम लिएको हुनुपर्ने छ ।

२. यस स्रोत केन्द्र स्थापना तथा संचालन गर्न इच्छुक उद्यमी सँग कम्तीमा पनि १०० गोला मजबुत र स्वस्थ मौरीगोला पालन गरेको हुनुपर्दछ ।

३.रानुमौरी उत्पादनका लागि आवश्यक सामाग्रीहरु/पूर्वाधारहरुको उपलब्धता भएको हुनुपर्नेछ ।

४. मौरीचरनको राम्रो ब्यवस्था भएको हुनुपर्नेछ ।

५.अन्य मापदण्डहरु नेपाल सरकार कृषि तथा पशुपन्छी बिकास मन्त्रालयद्धारा स्विकृत "नेपाल असल मौरीपालन अभ्यास कार्यन्वयन निर्देशिका २०७४" अनुसार हुने छन्।

**(घ) आधारचाका निर्माण श्रोत केन्द्र**

१.आधारचाका निर्माण श्रोत केन्द्र स्थापना र संचालनको लागि आधारचाका निर्माण सम्बन्धि कम्तिमा पनि ३ दिने तालिम लिएको हुनुपर्ने छ ।

२.संचालकसँग आधारचाका बनाउने औजार तथा कच्चा पदार्थ यथेष्ट मात्रामा हुनुपर्दछ ।

३.अन्य मापदण्डहरु नेपाल सरकार कृषि तथा पशुपन्छी बिकास मन्त्रालयद्धारा स्विकृत "नेपाल असल मौरीपालन अभ्यास कार्यन्वयन निर्देशिका २०७४" अनुसार हुने छन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) **मौरीपालन उपकरण निर्माण तथा जनशक्ति बिकास तालिम श्रोत केन्द्र**

१. यस जनशक्ति बिकास तालिम केन्द्र स्थापना र संचालन गर्न कम्तीमा पनि १ जना बि.एस.सि.एजी. गरी यस क्षेत्रमा कार्य अनुभव भएको दक्ष जनशक्ति हुनुपर्नेछ र अन्य जनशक्ति आवश्यकता अनुसार थपघट गर्न सकिने छ।

२.मौरीपालन सम्बन्धि उपकरण निर्माण तथा जनशक्ति बिकास तालिम सम्बन्धि पाठ्यक्रम तयार गरी केन्द्र वा अन्य नेपाल सरकारबाट मान्यता प्राप्त निकाय बाट पाठ्यक्रम स्वीकृत गराएको हुनुपर्ने छ ।

३.यस केन्द्रले सम्पन्न गरेका गतिबिधिको कार्यप्रगति व्यावसायिक कीट बिकास केन्द्र/मौरी बिकास केन्द्रमा अर्धबार्षिक/बार्षिक रुपमा बुझाउनुपर्ने छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

## अनुसूची – ११ (ख)
## च्याउ श्रोत केन्द्रको विशिष्टिकरण तथा मापदण्ड

च्याउ बीउ(Spawn)श्रोतकेन्द्र स्थापना र संचालन गर्नका लागि निम्नानुसार मापदण्ड पूरा गरेको हुनुपर्दछः-

१. **भौतिक पूर्वाधारः** प्रतिदिन १०० किलोग्राम च्याउ बीउ (Spawn) उत्पादन गर्न सक्ने क्षमता भएको प्रयोगशाला भवन भएको हुनुपर्नेछ ।

२. **मेशीनरी औजारः** उक्त प्रयोगशाला भवनमा अटोक्लेभ, लेमिनार फ्लो र रेफ्रिजेरेटरको ब्यवस्था भएको हुनुपर्नेछ।

३. **दक्ष जनशक्तिः** प्रयोगशालामा च्याउ बीउ (Spawn) उत्पादन कार्यका लागि कम्तिमा १ जना B.Sc Ag/B. Sc. Forestry/B. Sc. Microbiology/B. Sc. Biotechnology/B.Sc. Biology अध्ययन पूरा गरेको दक्ष जनशक्ति हुनुपर्दछ ।

४.**Master Culture/Pure Culture को ब्यबस्थाः** च्याउ बीउ (Spawn) उत्पादन गर्न अवश्यक पर्ने Master Culture स्वयं आफै उत्पादन गर्न सक्ने वा नेपाल सरकारले तोकेको बिश्वसनीय स्रोत/संस्थाबाट ल्याउनुपर्ने छ ।

५.च्याउ बीउ(Spawn) उत्पादन पश्चात स्वयंले बीउको उत्पादकत्व परीक्षण गरी बिबरणको ब्यबस्था मिलाउनु पर्नेछ ।

६. संचालक आफूले प्रयोग गरेको च्याउ बीउ (Spawn) को Strain Value जानकारी दिन सक्ने हुनुपर्दछ ।

७. Master Culture/Pure Cultureको दिर्घकालीन संरक्षण, प्रबर्धन र वितरणको ब्यबस्थापन गर्न सक्ने हुनुपर्दछ।

८. उत्पादित च्याउको बीउ(Spawn)लाई Filter pp. bag मा मात्र राखेको हुनुपर्दछ ।

९. श्रोत केन्द्रमा बिउ उत्पादन गर्दा Spawn to Spawn गर्न पाईने छैन ।

१०. समय समयमा विषय विशेषज्ञबाट निरीक्षण गराइ प्रमाणित गराउनु पर्नेछ ।

११. प्यान वा भ्याटमा दर्ता भएको हुनुपर्ने छ ।

१२. यस स्रोत केन्द्रबाट संचालित गतिविधिको कार्य प्रगति ब्यावसायिक कीट विकास केन्द्र हरिरहरभवनमा अर्धवार्षिक/वार्षिक रुपमा पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं